प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

(प्रादेशिक योजना तथा अनुगमन शाखा)

मिति: २०७९/१०/११

प.सं. १३/०७९/८०, च.नं. ४६१

विषय : निर्णय पठाइएको सम्बन्धमा।

श्री प्रदेश सभा सचिवालय

श्रीमुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री मुख्य न्यायाधिवक्ताको कार्यालय

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय

श्री सामाजिक विकास मन्त्रालय

श्री प्रदेश लोक सेवा आयोग

श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय

श्री स्वास्थ्य मन्त्रालय

श्री वन तथा वातावरण मन्त्रालय

श्री पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय

श्री खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय

श्री प्रदेश नीति तथा योजना आयोग

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय

बागमती प्रदेश, हेटौडा, मकवानपुर।

उपर्युक्त सम्बन्धमा मिति २०७९।१०।०४ गतेका दिन माननीय आर्थिक मामिला तथा योजना मन्त्री जे.एन.थपलियाज्यूको अध्यक्षतामा सम्पन्न छलफल कार्यक्रममा भएको निर्णय कार्यान्वनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

(अर्जुन आचार्य)
शाखा अधिकृत

श्री कार्यशाखा
महाशाखा प्रमुखको लोगि आवश्यक गर्नका लागि पठाइदिने।
१०/१२

बागमती प्रदेश सरकार
... मन्त्रालय
११५५
०८९/१०/१२

१. चालु आर्थिक वर्षको बाँकी अवधिमा पूँजीगत तर्फ विनियोजित रकम तोकिएको कार्यक्रम र आयोजना गुणस्तरीय तवरमा सम्पन्न हुने गरी कार्य अघि बढाँउने। आयोजना कार्यन्वयनका लागि आवश्यक कार्य माघ मसान्तभित्र सम्पन्न गरिसक्ने।

२. चालु आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रमहरु दोहोरिएको समेत पाईएको र सो सम्बन्धमा यस मन्त्रालयबाट यस अघि नै सबै मन्त्रालय र निकायहरुलाई दोहोरिएका कार्यक्रम र आयोजनाहरु मध्ये कार्यन्वयन योग्य एउटा मात्र आयोजना र कार्यक्रम कायम राखी उस्तै प्रकृतिका आयोजना र कार्यक्रमहरुमा विनियोजित बजेट रकम समर्पण गर्न लेखि सकिएकोले तीन दिन भित्र सो कार्य गर्ने।

३. चालु आर्थिक वर्षबाट सुरु हुने बहुवर्षिय ठेक्काहरुको प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ को परिधिभित्र रही यथासक्य छिटो निर्माण कार्य प्रारम्भ गर्ने। उक्त मापदण्ड बमोजिम ठेक्का प्रक्रियामा जान न्यूनतम रकम सुनिश्चित नभएका आयोजनाहरुको लागि आवश्यक न्यूनतम रकम सम्बन्धित मन्त्रालयलाई विनियोजित रकम मध्ये खर्च नहुने खालका कार्यक्रमबाट रकमान्तर गर्ने प्रस्ताव सहित बहुवर्षीय स्रोत सुनिश्चितताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयलाई लेखि पठाउने।

४. सार्वजनिक खरिद नियमावलीमा भएको संशोधनबाट म्याद थप भएको सबै खालका अधुरो आयोजनाहरु चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने। तोकिएको समयभित्र कार्य सम्पन्न नगर्ने ठेकेदारलाई कानून बमोजिम कारबाही गर्ने कुनै पनि बहानामा उन्मुक्ति नदिने।

५. विगत आर्थिक वर्षहरु देखि नैं प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त भएको अनुदानको उल्लेखनीय हिस्सा निरन्तर रुपमा खर्च हुन नसकी फिर्ता हुँदै आएकोले चालु आर्थिक वर्षमा त्यस्तो अनुदान रकम तोकिएका कार्यक्रममा तोकिएको समय भित्रै खर्च हुने गरी कार्यक्रम कार्न्वयन गर्ने।

६. बजेटमा उल्लेखित कार्यक्रम तथा आयोजनाहरुको ठेगाना, कार्यन्वयन गर्ने कार्यालय जस्ता सामान्य विषयहरु मात्र संशोधन गर्न सकिनेमा मन्त्रालयहरुबाट कार्यक्रमको नाम नैं संशोधन गर्न समेत प्रस्ताव प्राप्त हुने गरेको सन्दर्भमा आवश्यकताका आधारमा सामान्य विषयहरुमा मात्र संशोधन प्रस्ताव गर्ने।

७. गत आर्थिक वर्ष २०७८/७९ मा प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्थानीय तहबाट कार्यन्वयन भएका कार्यक्रमहरु मध्ये केही कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको देखिएकोले मन्त्रालयहरुबाट स्थानीय तहलाई अख्तियारी गएको कार्यक्रम मध्ये भुक्तानी हुन बाँकीको विवरण सात दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने।

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

८. आगामी आर्थिक वर्षको बजेट निर्माण कार्य प्रारम्भ भई सकेको सन्दर्भमा मन्त्रालयहरुले प्रदेशको आर्थिक गतिविधिमा महत्वपूर्ण योगदान गर्ने, आम नागरिकमा प्रत्यक्ष लाभ उपलब्ध गराउने, रोजगारी सिर्जना हुने र दीर्घकालिन रुपमा प्रतिफल प्रवाह हुने प्रकृतिका ठूला र रुपान्तरणकारी आयोजनाहरुमा बजेटमा प्रस्ताव गर्ने गरी कार्य अघि बढाउँने।

९. सबै मन्त्रालय र निकायहरुले वित्तीय र आर्थिक अनुशासन कायम हुने गरी उपलब्ध स्रोत र साधनको कुशल र मितव्ययी उपयोग गर्ने।